पञ्चदेवल विनायक नगरपालिकाको

# नीति तथा कार्यक्रम

पञ्चदेवल विनायक नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

विनायक, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

## आर्थिक वर्ष २०८२/०८३

Website: www.panchadewalbinayakmun.gov.np; E-mail: info@panchadewalbinayakmun.gov.np

पञ्चदेवल विनायक नगरपालिका

**मिति २०८२ असार ०६ गते शुक्रवारका दिन पञ्चदेवल विनायक नगरपालिकाको नगर सभाको १४ औं अधिवेशनमा नगर प्रमुख श्री अम्बिका चलाउनेद्वारा प्रस्तुत आ.व. २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम**

**नगरसभाबाट पारित मितिः २०८२/०३/०६**

**पञ्चदेवल विनायक नगरपालिकाका नगरसभा सदस्यज्यूहरु,**

पञ्चदेवल विनायक नगरपालिकाको नगर सभाको चौधौं अधिवेशनमा नगर प्रमुखको हैसियतले यस सम्मानित नगरसभामा आगामी आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित हुँदा गौरवको अनुभूति गरेको छु ।यहाँहरु सबैलाई नगर सभामा हार्दिक स्वागत गर्दछु।

सर्वप्रथम संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि र नेपालको सबै लोकतान्त्रिक आन्दोलनहरुमा शहादत प्राप्त गर्नुहुने महान सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै ऐतिहासिक, राजनैतिक परिवर्तन र सामाजिक परिवर्तनका सबै आन्दोलनहरुको नेतृत्व गर्ने अग्रज नेताहरुप्रति उच्च सम्मान सहित हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

१. स्थानीय तहको दोस्रो कार्यकालको नेतृत्व गर्ने अवसर प्राप्त भएसँगै सिमित बजेटलाई आर्थिक तथा सामाजिक क्षेत्रका चुनौतीहरुलाई सम्बोधन गर्न नगरभित्रका अत्यावश्यक पूर्वाधार निर्माण तथा सुधार गरी आम नागरिकमा आत्मविश्वास र आशा जगाउँदै हाम्रो कार्यकालको ३ वर्ष सफलतापूर्वक सम्पन्न भएको छ।

२. नगरपालिकाको सुन्दर, सभ्य र समृद्ध नगरको आकांक्षालाई पुरा गर्न र आर्थिक सुधारका कार्यक्रमहरु अगाडी बढाउन दोस्रो कार्यकालको तिन वर्ष पुरा हुँदा नगर सरकारले लिएका नीति तथा सुधारात्मक कामहरुको परिणामस्वरुप सबै क्षेत्रमा सकरात्मक नतिजा देखिन थालेको छ।हामीले नगरपालिकाको कार्यभार सम्हालेको तिन वर्षको अवधिमा प्राप्त उपलब्धिहरु उत्साहजनक रहेका छन् ।

३. नगरपालिकाले लिएको नीति प्रतिवद्धता र प्राथमिकता लाई केन्द्रमा राखि भ्रष्टाचार नियन्त्रणमा शुन्य सहनशिलताको नीतिलाई परिणाममा देखिने गरी कार्यान्वयन गर्न तथा नागरिकहरुमा आशा जगाउन परिणाममुखी कार्यहरु भएका छन् ।

४. नगरपालिकामा सुशासनको प्रत्याभूति जगाउन अघिल्लो कार्यकाल अर्थात आ.व. २०७९/०८० बाट नगरपालिकाको नाममा कायम रहेको रु. ११ करोड ६६ लाख ४० हजार बेरुजु रकम मध्ये रु. १ करोड ७१ लाख १० हजार ७ सय ४९ रुपैया फछ्र्यौट भई आ.व. २०८०/०८१ मा महालेखा परिक्षकको कार्यालयको वार्षिक प्रतिवेदन अनुसार सुदूरपश्चिम प्रदेशमा सबैभन्दा कम बेरुजु ०.२७ प्रतिशत कायम भई प्रथम हुन सफल भएका छौं।

पञ्चदेवल विनायक नगरपालिका

५. पूर्वाधार विकासका आयोजनाहरुको कार्यान्वयनलाई तीव्रता दिइएको छ। संघीय सरकारसँगको समन्वय तथा पहलमा सघन शहरी विकास कार्यक्रम अन्तर्गत विनायक बजारभित्रको सडक निर्माणको RCC ढलानको बाटो र ९ नं. वडा कार्यालय निर्माणाधिन अवस्थामा छन्।

६. प्रदेश सरकार भौतिक पूर्वाधार मन्त्रालय मार्फत कार्यान्वयन हुने गरी दोगाडे खोला पक्की पुल रु. ११ करोड ५६ लाख र चिल्ताडा भानाकोट खुलालु सडक निर्माण आयोजनमा रु ४ करोड ठेक्का सम्झौता भई कार्यान्वयनको प्रक्रियामा रहेको छ। संघीय शहरी विकास मन्त्रालय मार्फत विनायक, तोली, पुल्लेतोला र बारला सडक निर्माण रु. ३ करोड, बेलखेत चिल्ताडा भानाकोट सडक स्तरोन्नतिका लागि रु.३ करोड र भाटगाउँ तामकोट सडक निर्माणका लागि रु. १ करोड ५० लाख विनियोजन भएको कुरा सम्मानित नगर सभा मार्फत नगरबासीहरुमा अवगत गराउन चाहान्छु ।

७. नागरिकहरुको आवतजावतलाई सजिलो बनाउनका लागि नगरपालिकाको आफ्नै स्रोत-साधनहरुको प्रयोग गरी नगरपालिकाभित्रका सबै सडक सञ्जालहरुलाई मर्मत, सम्भार र सरसफाई गर्ने काम निरन्तर भैरहेको र विपद् जोखिम न्यूनिकरणका लागि आवश्यक सामाग्री र साधनहरु तयारी अवस्थामा राखिएको छ।

८. नगरपालिकाको प्रशासनिक भवन निर्माणको कार्य सम्पन्न भई नेपाल सरकारका उपप्रधान तथा शहरी विकास मन्त्री माननीय प्रकाशमान सिंह ज्यूबाट समुद्घाटन भई आफ्नै प्रशासनिक भवनबाट सेवा प्रवाह भइरहेको कुरा नगरवासीलाई अवगत नै छ ।साथै वडा नं. ३ र ९ को प्रशासनिक भवन निर्माणको अन्तिम चरणमा रहेको र अन्य सबै वडाहरुमा आफ्नै प्रशासनिक भवन मार्फत सेवा प्रवाह भइरहेको छ ।

९. सबै नागरिकहरुको पहुँचमा विद्युत पुर्याउन विद्युत प्राधिकरणसँगको सहकार्य र समन्वयमा केन्द्रीय प्रशासरण लाइनको काम द्रुत गतिमा अगाडी बढेको छ।साथै चालु आ.व ०८१/०८२ सम्म वडा नं. १ र २ मा पूर्ण रुपमा विद्युतीकरण भएको वडा नं. ३, ४, ५, ६ र ७ मा पूर्ण विद्युतीकरण गर्ने गरी काम भइरहेको र बाँकी वडाहरुमा आगामी आ.व. मा सम्पन्न गर्नेगरी विद्युत जडानको कार्य तिव्ररुपमा भइरहेको छ ।

१०. नगरपालिकाको सडक सञ्जाल पहुँच वृद्धिमा यसै वर्ष नगरपालिकाका सबैभन्दा दुर्गम बस्तीहरु वडा नं. ८ को गनीउलेसम्म र वडा नं. ९ को भाटगाँउसम्म सडक सञ्जाल जोडिएको छ ।

११. नगरपालिका अन्तर्गतका पुरातात्विक सम्पदाहरुको संरक्षण तथा जगेर्नाका लागि वडा नं. ३ को पानडाँडामा रहेको गौमुखे सहितको ढुङ्गे धारा तथा वडा नं. ८ बारलामा कुँदेको ढुंगा सहितको कालिका देवी मन्दिर परिसर निर्माण गरिएको छ ।

१२. सार्वजनिक स्थलमा हुने फोहरमैला व्यवस्थापन गर्न वडा नं. २ को धार्मिक स्थल मष्टामाडौंमा पक्की सार्वजनिक शौचालय निर्माण गरी सञ्चालनमा ल्याइएको छ ।

१३. नागरिकहरुको सडक सञ्जालमा पहुँच पुर्याउन वडा नं. ८ बारलाको घोडिलासमा र वडा नं. ९ को भानाकोटमा झोलुङ्गे पुलको निर्माण सम्पन्न भइ सञ्चालनमा ल्याइएको छ ।

१४. सार्वजनिक सेवा प्रवाह र सुशासनलाइ थप प्रभावकारी बनाउन चालु आ.व. बाट सबै आयोजनाहरुको सम्झौता वडास्तरबाटै गर्ने कार्यको थालनी गरिएको छ ।

१५. नगरपालिकाका विद्यार्थीहरुलाई उच्च शिक्षाको पहुँचमा वृद्धि गर्न आ.व. २०८१/८२ मा पञ्चदेवल क्याम्पसको आधुनिक शौचालयसहित १० कोठाको २ तले भवन निर्माणको अन्तिम चरणमा रहेको छ । साथै विद्यालय शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउन टिनको छानामुक्त विद्यालय बनाउने अभियान अन्तर्गत नगरपालिकाका ६ वटा विद्यालयहरुका भवनहरुको निर्माण कार्य सम्पन्न भएको छ । सबै विद्यालयहरुलाई प्रविधिमैत्री बनाई गुणस्तरीय सिकाई प्रदान गर्नका लागि शिक्षण सिकाई अनुदानका साथै पुस्तकालय, ICT ल्याब र विज्ञान प्रयोगशालाहरु स्थापना गरी सञ्चालनमा ल्याइएका छन् ।

१६. नगरपालिका, हेल्भेटास र USAID को साझेदारीमा आ.व. २०८०/०८१ मा १२०० घरधुरीमा खानेपानीको पहुँच पुगेको, चालु आ.व. २०८१/८२ मा *एक घर, एक धारा कार्यक्रम* अन्तर्गत थप १००० घरधुरीमा स्वच्छ खानेपानीको पहुँच पुर्याउने लक्ष्य लिइएकोमा USAID संगको साझेदारीमा सञ्चालित आयोजनाहरु साझेदार संस्थाको बजेट अभावका कारण कार्यान्वयन गर्न नसकिएकोले थप ४६० घरधुरीमा मात्र खानेपानीको पहुँच पुर्याउन सफल भइ कार्यकालको ३ वर्षमा १६६० घरधुरीमा स्वच्छ खानेपानीको पहुँच पुगेको छ।

१७. नगरपालिकाको १० शैयाको अस्पतालको पूर्वाधार निर्माणको काम अन्तिम चरणमा पुगेको छ । साथै सबै स्वास्थ्य संस्था र बर्थिङ्ग सेन्टरहरुको सेवा प्रवाहलाई थप सुदृढिकरण गरेर लगिएको छ । स्वास्थ्य संस्थाहरुमा औषधि, खोप, ल्याब सेवा लगायतका स्वास्थ्य सामाग्रीको आपुर्तिमा सहज बनाई स्वास्थ्य सेवामा नागरिकको पहुँच वृद्धि गरिएको छ ।साथै वडा नं. १ र वडा नं ६ मा स्वास्थ्य चौकीको भवनहरु निर्माणाधिन अवस्थामा रहेको र वडा नं. ६ को बान्नेमा वर्थिङ्ग सेन्टर स्थापना भई निरन्तर सेवा प्रवाह भइरहेको छ ।

१८. आ.व. ०८१/०८२ मा ९ वटै स्वास्थ्य संस्थाको सेवा प्रवाहलाई थप जनमैत्री तथा व्यवस्थित बनाउन सार्वजनिक सुनुवाई कार्य सम्पन्न गरिएको छ । आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्ने अछाम जिल्लाका १० वटा स्थानीय तहमा आ.व. ०७९/०८० देखि लगातार प्रथम हुदै आएका छौं । साथै सबै वडाहरुमा आँखाको स्क्रिनिङ्ग संगै आँखा शिविर मार्फत ११८९ जनाको आँखा जाँच तथा ६३ जनाको मोतिविन्दु, आँखामा मासु पलायको लगायतका समस्याको निशुल्क अप्रेसन गरी २२५ जनालाई चस्मा वितरण गरिएको छ ।

१९. सबै स्वास्थ्य सँस्था मध्ये वडा नं. ८ को बारला स्वास्थ्य चौकी र वडा नं. ४ को कुच्ची स्वास्थ्य चौकीलाई विद्युत्तीय स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीमा आवद्ध गरी सेवा प्रवाह गरिएको छ।वडागत रुपमा नसर्ने रोगको स्क्रिनिङ्ग तथा ३१९ जना महिलाहरुको पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ्ग गरी निशुल्क औषधी वितरण गरिएको छ।

२०. सबै स्वास्थ्य चौकीहरुमा वर्षभरी नै आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्रदान गरि अत्यावश्यक औषधिको व्यवस्थापन तथा आपुर्ति गरिएको र विभिन्न वडाहरुमा ज्येष्ठ नागरिक घरदैलो

कार्यक्रम मार्फत ज्येष्ठ नागरिक स्वास्थ्य सेवा प्रदान गरिनुकासाथै गर्भवती महिलाहरुको गर्भ चेकजाँचका लागि ९ वटै वडाहरुमा अल्ट्रासाउण्ड घुम्ती शिविर सञ्चालन गरिएको छ ।

२१. गर्भवती तथा प्रसुति जटिलता भएका ४१ जना आमाहरु तथा १५ जना विपन्न नागरिकहरुलाई निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइएको छ ।

२२. ५०० भन्दा बढी फलफूल खेति गर्ने किसानलाइ प्रोत्साहन तथा फलफूल उत्पादन वृद्धिका लागि वडा नं. ८ बारलामा १२ लाख बराबरको पाइप लाइन तथा पोखरी निर्माण गरिएको छ।

२३. पहाडि क्षेत्र काष्टफल तथा फलफुल विकास आयोजना अन्तर्गत ५ जना अगुवा कृषक लाई मासिक रुममा ५००० (पाँच हजार) र ३०,००० बाराबरको सामग्री वितरण तथा चालु आ.व. ०८१/०८२ मा १०० रोपनी जग्गामा सुन्तला फलफूल बगैचा स्थापनाका लागि प्रक्रिया अगाडि बढाइएको छ।

२४. नमूना कृषि गाँउ निर्माण कार्यक्रम अन्तर्गत पालिकामा ६ जना अगुवा कृषकलाई फलामे टनेल र बिउ वितरण गर्नुका साथै पालिकामा दर्ता भएका सबै कृषक समूहलाई प्रतिनिधित्व गर्ने गरी २२५ जना कृषकलाई तरकारी तथा फलफुल खेती सम्बन्धी स्थलगत तालिम समेत प्रदान गरिएको छ ।

२५. वाक नेपालसँगको साझरेदारीमा वडा नं. १,२,३,४,६ र ७ मा खाद्य सुरक्षा तथा पोषणमा परिवारहरुको पहुँच बढाउन १५ वटा प्रर्दशनी प्लट निर्माण, ७ वटा समुहमा प्लाष्टिक टनेल, विउ वितरण, ६ वटा समुहमा १५ वटा जलवायुमैत्री कृषक पाठशाला सञ्चालन र ६ वटा मकै छोडाउने मेसिन तथा ११ वटा चेन स मेसिन वितरण गरिएको छ।

२६. सबै वडाहरुमा औषधी उपकरण र जनशक्ति व्यवस्थापन गरी कुकुरमा रेबिज रोगविरुद्धको खोप, बाख्राहरुमा पि.पि.आर. रोग विरुद्ध खोप, जुनोटिक रोग सम्बन्धी सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्नुका साथै महामारीजन्य रोगको नियन्त्रणका लागि आवश्यक औषधि, खोप, उपकरणहरुको व्यवस्था गर्ने, नमुना संकलन, सम्प्रेषण र प्रयोगशाला परीक्षण गरी नियमितरुपमा रोगको इपिडिमियोलोजिकल रिपोर्टिङ्ग गरिएको छ ।

२७. यस नगरपालिकाको वडा नं. ५ र ९ मा सुनौलो हजार दिनका आमाहरुको पोषण सुधारका लागि १४३ जना आमालाई कुखुराका चल्ला वितरणका साथै भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञकेन्द्रसँगको समन्वयमा ४ वटा बाख्रा खोर सुधार कार्यक्रम, १/१ वटा भैसी गोठ सुधार, डेरी प्रर्वद्धन, मासु पसल सुधार कार्यक्रम सम्पन्न भएका छन्।

२८. राजश्वको प्रक्षेपण शीर्षक अनुसारको राजश्व संकलन हुन नसके पनि समग्रमा राजश्व संकलन सुधारउन्मुख रहेको छ । राजश्व संकलन प्रणालीलाई सुत्र प्रणाली मार्फत थप व्यवस्थित बनाउँदै लगिएको छ ।

२९. सेवाग्राहीहरुले उपभोग गर्ने वस्तुहरुको गुणस्तरका लागि बजार अनुगमन मार्फत खाद्य गुणस्तरताको सुनिश्चितता गरिएको छ।

पञ्चदेवल विनायक नगरपालिका

३०. प्रधानमन्त्री रोजगार कार्यक्रम र नगरपालिकाको साझेदारीमा रोजगार सेवा केन्द्रमा सूचीकृत ८४ जना बेरोजगार व्यक्तिहरुलाई सामुदायिक विकासका श्रमप्रधान आयोजनाहरुमा संलग्न गराई न्यूनतम १०० दिनको रोजगारीमा संलग्न गराइनुका साथै सुचिकृत बेरोजगार व्यक्तिहरु मध्ये ४० जनालाई डकर्मी र सडक मर्मत सम्भार विषयको कार्यस्थलमा आधारित सीपमुलक तालिम प्रदान गरिएको छ।

३१. श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट विगत ३ वर्षको कार्यसम्पादनलाई मूल्यांकन गरी रोजगार सेवा प्रवाहमा सम्पादित कार्यका आधारमा सुदूरपश्चिम प्रदेशमा उत्कृष्ट भइ सम्मानित तथा पुरस्कृत हुन सफल भएका छौं ।

३२. लघु उद्यम विकास कार्यक्रम अन्तर्गत वडा नं. ४ मा दुना टपरी उद्योग सञ्चालनमा रहेको र उत्पादित दुना टपरी छिमेकी पालिकामा समेत निर्यात भै विभिन्न कार्यक्रममा प्रयोग भइ पलाष्टिकजन्य वस्तु प्रयोगमा न्यूनीकरण भएको छ।

३३. स्थानीयस्तरमा अवैधरुपमा लोकल मदिराको उत्पादन विक्री वितरण हुँदै आएकोमा उक्त कार्यलाई नियन्त्रण गरी गुणस्तरयुक्त बनाउन लोकल मदिराको ब्रान्डिङ् गर्ने उद्देश्यका साथ नगरस्तरीय अध्ययन समितिको अन्तरपालिका भ्रमण सम्पन्न भइ प्रतिवेदन पेस भएको तथा कार्यविधि निर्माणको चरणमा रहेको छ ।

३४. शैक्षिक सत्र, २०८१ अन्तर्गत नगरपालिकाका सबै सामुदायिक विद्यालयहरुको कक्षा ५ र आधारभूत तह (कक्षा ८) को वार्षिक परीक्षा नगरस्तरीय रुपमा ७ वटा परीक्षा केन्द्रमा सुव्यवस्थित र मर्यादित रुपमा सञ्चालन गरी सामुदायिक विद्यालयहरुको यथार्थ शैक्षिक गुणस्तर पहिचान गरिएको छ, साथै शैक्षिक सत्र, २०८१ को कक्षा ५ र ८ को नगरस्तरीय वार्षिक परीक्षामा सर्वोत्कृष्ट र उत्कृष्ट हुने ७ जना विद्यार्थीहरुलाई प्रमाणपत्र र शैक्षिक सामग्रीहरुसहित पुरस्कृत गरिएको छ ।

३५. नगरपालिकाले शैक्षिक भित्तेपात्रो तयार गरी विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विभिन्न शैक्षिक कार्यक्रमहरु लागु गरेको र विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार र सिकाइ उपलब्धि सुधार गर्न नगरपालिकाले सबै प्रधानाध्यापकहरुसँग कार्यसम्पादन सम्झौता गरिनुका साथै प्रधानाध्यापकहरुलाई आफ्नो विद्यालयका विषयगत शिक्षकहरुसँग समेत कार्यसम्पादन सम्झौता गर्न लगाइएको छ ।

३६. सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि जनप्रतिनिधि लगायत सबै प्रधानाध्यापकहरुलाई देशका सर्वोत्कृष्ट नमुना माध्यमिक विद्यालयहरुको शैक्षिक अध्ययन, अवलोकन भ्रमणबाट प्राप्त सिकाई कार्यान्वयनका लागि प्रधानाध्यापकको प्रतिवद्धता सहितको समीक्षा गोष्ठी सम्पन्न भएको छ ।

३७. संघीय शिक्षण सिकाइ अनुदान अन्तर्गत नगरका ८ वटा माध्यमिक र एउटा आधारभूत विद्यालय गरी  गणित, विज्ञान र अंग्रेजी विषयको ९ वटा अनुदान कोटा वितरण गरिएकोछ।

पञ्चदेवल विनायक नगरपालिका

३८. कक्षा ५ सम्म सञ्चालित ८ वटा आधारभूत विद्यालयहरु र कक्षा ८ सम्म सञ्चालित ६ वटा आधारभूत विद्यालयहरुमा न्यूनतम १/१ वटा ल्यापटप कम्प्युटर र प्रिन्टरसहित थप ICT सामग्रीहरु व्यवस्थापन गरिएको छ ।

३९. सामुदायिक विद्यालयहरुका प्रधानाध्यापक, लेखापाल, खेलकूद शिक्षक, कम्प्यूटर शिक्षक तथा बालविकास सहजकर्ताहरुको क्षमता विकासका लागि सम्बन्धित विषयको तालिम प्रदान गरिएको छ ।स्थानीय विषयको पाठ्यक्रम अद्यावधिकका लागि तालिम सञ्चालन गरी कक्षा १ देखि ३ सम्मको पाठ्यपुस्तकको मस्यौदा तयार गरिएको छ ।

४०. अपाङ्गता पहिचान शिविर मार्फत १५० जनाको स्वास्थ्य परिक्षण गरी ५० जनालाई अपाङ्गता परिचयपत्र वितरण गरिएको छ भने ९ जना अपाङ्गता भएकाहरुको परिचयपत्र अपग्रेड भएको छ।

४१. नगर स्तरीय बाल सञ्जाल र वडा स्तरीय बाल क्लबहरुको आस्था नेपाल अछाम संगको साझेदारीमा क्षमता विकास गरी बाल अधिकारका क्षेत्रमा परिचालित गर्ने कार्य भइरहेको छ।

४२. नगरपालिकामा स्थापित आपतकालीन कार्यसञ्चालन केन्द्रको व्यवस्थापन तथा सञ्चालनलाई थप प्रभावकारी बनाइएको छ। आपतकालीन खोज, उद्धार तथा राहत कार्यलाई समन्वयात्मक रुपमा सञ्चालन गरिएको छ ।

४३. विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि नगरपालिकाको संस्थागत क्षमतालाई सुदृढ गर्दै वडा तथा समुदायस्तरमा गठित विपद व्यवस्थापन समितिको सक्रियताका लागि अभिमुखीकरण तथा कार्यदल गठन कार्य सुरुवात गरिएको छ ।

४४. संघीय सरकार, प्रदेश सरकार र संवैधानिक आयोग मार्फत प्राप्त सुझाव तथा मार्गदर्शनहरुलाई पालना गरी सुशासन र प्रभावकारी सेवा प्रवाहमा जोड दिइएको छ ।

४५. यस कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहलाई थप प्रभावकारी र जनमैत्री बनाउन ५ जना कर्मचारीलाई सेवाकालिन तालिम उपलब्ध गराइएको छ ।

४६. गत आ.व. २०८०/०८१ को स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) मा जिल्लामै प्रथम स्थान र प्राकृतिक स्रोत तथा वित्त आयोगको मूल्याङ्कनमा अछाम जिल्लामा तेस्रो स्थान हासिल गरी कार्यसम्पादनमा आधारित वित्तीय समानीकरण अनुदान रु. ७ लाख थप प्राप्त भएको छ ।

४७. चालु आ.व. २०८१/८२ को सामाजिक सुरक्षा भत्ता को.ले.नि.का.बाट EFT प्रणालीमार्फत सिधैं लाभग्राहीहरुको खातामा जम्मा गरिएको र चालु आ.व मा वडा नं. ८ र ९ मा वडास्तरमै सामाजिक सुरक्षा भत्ता वितरण गर्नुका साथै बैंक सम्म पुग्न नसक्ने लाभग्राहीको संरक्षक तथा हकवालको दस्तखतबाट सामाजिक सुरक्षा भत्ता भुक्तानीको व्यवस्था गरिएको छ ।

४८. न्यायिक समितिको क्षेत्राधिकार भित्र पर्ने न्यायिक समितिमा प्राप्त विवादहरुलाई मेलमिलापको माध्यमबाट निरुपण गरी दुबै पक्षलाई सहज ढंगबाट समुदायमा मिलेर बस्ने वातावरण कायम गरिएको छ ।

**नगरसभाका सदस्य ज्यूहरु,**

अब म पञ्चदेवल विनायक नगरपालिकाको समग्र विकास निर्माण र दिगो विकासका लक्ष्यहरु हासिल गर्न आगामी आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम यस नगरसभाको गरिमामय बैठकमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**१. आर्थिक विकासतर्फः**

- बाँझो जग्गालाई उपयोग गरी कृषि कर्म गर्ने कृषक/कृषक समूहलाई साना सिँचाइ, प्लास्टिक पोखरी, थोपा सिँचाइ र कृषि यान्त्रीकरणमा विशेष अनुदानको व्यवस्था गरिनेछ।
- कृषि विकास शाखामा माटो तथा मल परीक्षण प्रयोगशाला सेवा सञ्चालनमा ल्याउने र सबै वडामा माटो परीक्षण गरी सुहाउँदो बाली लगाउन किसानलाई सल्लाह प्रदान गर्नुका साथै कृषि उत्पादनका अवसरको सम्बन्धमा विशेष गरी फलफूलमा स्थलगत अध्ययन अनुसन्धान गरिनेछ।
- कृषकलाई व्यवसायमुखी बनाउन कृषि नमुना गाँउ निर्माण कार्यक्रम, एक घर एक करेसाबारी कार्यक्रम, व्यवसायिक च्याउ खेती प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता र व्यवसायिक मौरी पालन जस्ता कार्यक्रमलाई विशेष जोड दिईनेछ। कृषकलाई प्रोत्साहन गर्न बिउँबिजन र बाली संरक्षण जस्ता वितरणमुखी कार्यक्रम अनुदानमा उपलब्ध गराउनुका साथै आवश्यकताका आधारमा स्थलगत तालिम प्रदान गरिनेछ।
- जलावायुमैत्री कृषि प्रविधिको अभ्यास गर्न विभिन्न संघ-संस्था सँगको साझेदारीमा सुनौला हजार दिनका आमाहरुका लागि पोषण पाठशाला सञ्चालन गरिनेछ।
- कृषि उपजको उत्पादन तथा उत्पादकत्व सर्वेक्षणका लागि किसान सूचीकरण कार्यक्रमलाई निरन्तरता दिई कृषि तथ्याङ्क अद्यावधिक गरिनेछ ।
- नगरपालिकामा निर्माण भएको कोल्ड चेम्बर सञ्चालनका लागि सहकारी, कृषक र नगरपालिका का बिचमा आवश्यक छलफल गरी कार्यविधि निर्माण गरी सञ्चालनमा ल्याइनेछ ।

**नगरसभाका सदस्यज्यूहरु,**

- सबै वडाहरुमा आवश्यक औषधी तथा प्राविधिक व्यवस्था गरी पशु रोग निदान कार्यलाई प्रभावकारी बनाई सेवा प्रवाह गर्न पशुसेवा शाखामा आधारभुत प्रयोगशाला पुर्णरुपमा सञ्चालनमा ल्याइनेछ ।
- यस नगरपालिकाको बाख्रापालनको सम्भावना भएका वडाहरुमा माग र आवश्यकताका आधारमा बाख्रा पकेट कार्यक्रम विस्तार गरिनेछ ।
- व्यवसायिक पशुपालक कृषकहरुको व्यवसायिक जोखिम न्युनिकरण गर्न पशुपन्छी विमा कार्यक्रममा सहजीकरण गरिनेछ ।
- आनुवांशिक स्रोत संरक्षण अन्तर्गत रैथाने कुखुरा प्रवर्धन कार्यक्रम लागत साझेदारीमा सञ्चालन गरिनेछ ।

पञ्चदेवल विनायक नगरपालिका

- व्यवसायिक कृषकहरुलाई कृषि ऋण उपलब्ध गर्ने प्रक्रियामा सहजीकरण तथा ब्याज भुक्तानीमा अनुदानका लागी आवश्यक पहल गरिनेछ ।
- सुनौला हजार दिनका महिला तथा बाल बालिकाको पोषण सुधारका लागि रैथाने कुखुरा पालन सम्बन्धी तालिम दिइ चल्ला वितरण गरिनेछ।
- खोरेत रोग रोकथाम तथा नियन्त्रणका लागि खोप कार्यक्रम सञ्चालन गरिनेछ।
- वडा नं. ६ र ७ बाट दुग्ध संकलन गरी विनायक सम्म बजारीकरणको लागी आवश्यक व्यवस्थापन गरिनेछ।

**नगरसभाका सदस्यज्यूहरु,**

- नगरपालिका भित्र रहेका पर्यटकीय क्षेत्रहरु (तुर्वन, लेस्टेकोट, देलिकाँडा, चिलखर्कडाँडा, खानडाँडा) मा आन्तरिक पर्यटन प्रवर्द्धनका लागि प्रचार प्रसार गर्दै सडकको पहुँच विस्तारमा आवश्यक पहल गरिनेछ ।
- धार्मिक पर्यटन प्रवर्द्धनका लागि (कुइकेल्ले माइ, जाल्पादेवी, दुर्गादेवी, मष्टामाडौं, बाल्लेमाँडु, वण्डालीमाँडु, नैनेल देवता) ऐतिहासिक पर्वहरुलाई व्यवस्थित बनाउन आवश्यक पहल गरिनेछ।
- पञ्चदेवल, विहार र कनिकेदेवल ऐतिहासिक पुरात्वातिक सम्पदाहरुको संरक्षणका लागि पुरातत्व विभागसँगको समन्वयमा आवश्यक कार्य गरिनेछ ।
- रारा जाने पर्यटकहरुलाई पञ्चदेवल हुँदै रामारोशनसम्म पुर्याउन रामारोशन पर्यटन क्षेत्र विकास समितिसँग सहकार्य गरी बेलखेत प्रवेशद्वार र आसपासमा वाल पेन्टिङ्ग र होडिङ वोर्ड राखी पर्यटन क्षेत्रको प्रचार-प्रसार गरिनेछ।

**नगरसभाका सदस्यज्यूहरु,**

- श्रम बजारको माग उपलब्ध स्रोत र जनशक्ति रोजगारका सम्भावनाको अध्ययन गरी ६ महिना भित्र नगर रोजगार रणनीति निर्माण गरिनेछ ।
- रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरुलाई राष्ट्रिय रोजगार प्रबर्द्धन कार्यक्रम अन्तर्गत श्रमप्रधान आयोजनामार्फत् न्यूनतम रोजगारी सुनिश्चित गरिनेछ ।
- रोजगार सेवा केन्द्रबाट एकीकृत श्रम तथा रोजगार सेवा उपलब्ध गराइनेछ । रोजगारीका अवसर तथा सम्भावनाहरुको पहिचान गर्न रोजगार सम्वाद मञ्चलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।श्रमको सम्मान, राष्ट्रको अभियान कार्यक्रमलाई समुदायस्तरसम्म निरन्तरता दिइनेछ।
- सुरक्षित आप्रवासन कार्यक्रम मार्फत सुरक्षित वैदेशिक रोजगारीका क्रियाकलापहरु सञ्चालन गरिनेछ । वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको उद्यमशीलता विकासमा जोड दिइनेछ।

**नगरसभाका सदस्यज्यूहरु,**

- दिगो रोजगारी सिर्जना तथा उद्यमशिलता प्रवर्द्धनलाई उच्च प्राथमिकतामा राखी "**मिसन रोजगारी : दिगो रोजगारी र उद्यमशिलता प्रवर्द्धन-अभियान**" सञ्चालन गरिनेछ ।
- सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धालाइ वृद्धि गर्नका लागि लघु उद्यमी महिला समुहलाई प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- उद्यमशिलता विकास लाई स्थानीय रोजगारी सिर्जनाको आधार मान्दै स्थानीय स्रोत, सीप र सन्दर्भ अनुकुल लघु तथा घरेलु उद्योग स्टार्टअप र नवप्रवर्तनशिल उद्यमलाई प्रवर्द्धन गर्ने नीति तथा संरचना विकास गरिनेछ ।नागरिक लाई उद्यमी बनाउन र अवसरसंग जोड्नका लागि व्यवसायको सम्वर्द्धन र उद्यमहरुको द्रुतिकरण मार्फत नवप्रवर्तन, वित्त र प्रविधिमा पहुँच बजार विस्तार, आम्दानीमा वृद्धि जस्ता विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।सीप विकास र तालिम पछिको अवसर रोजगारदाता तथा तालिम प्रदायक संस्थाहरु संघ र प्रदेश सरकार तथा विकास साझेदारहरु संग समन्वय र सहकार्य गरिनेछ ।
- स्थानीय स्रोत र सम्भावनामा आधारित लघु, साना र मझौला उद्यमको प्रवर्द्धन गर्दै बेरोजगार युवालाई सीपमूलक तालीम तथा उद्यम सञ्चालनमा सहुलियत प्रदान गरिनेछ।
- महिला, दलित, जनजाति तथा विपन्न वर्गलाई उद्यमशीलता विकासमा प्राथमिकता दिदै नवप्रवर्तन (Innovation) र हरित उद्यम (Green Enterprise) प्रवर्द्धनमा जोड दिइनेछ भने निजी क्षेत्र, सहकारी र समुदायको साझेदारीमा उद्यम विकास गरिनेछ।
- वडा नं. ४ मा रहेको दुना टपरी उद्योगलाइ स्तरोन्नती गरिनेछ।
- अवैध रुपमा उत्पादन**,**बिक्रि वितरण भइरहेको मदिरालाई निरुत्साहित गर्दे कानूनको दायरामा समेट्ने गरी लोकल मदिरा ब्रान्डिङको कार्य अगाडि बढाइनेछ।यसका लागि स्थानिय स्तरमा उत्पादन हुने धान, कोदो, मकै, जौं जस्ता खाद्यान्न बालीको उत्पादन अभिवृद्धिको नीति अवलम्बन गर्दै गुणस्तरयुक्त मदिराको उत्पादन, बिक्रि वितरण, निकासी र पैठारीको प्रबन्ध गरिनेछ।

**नगरसभाका सदस्यज्यूहरु,**

**२. सामाजिक विकासतर्फः**

- **"शिक्षामा गुणस्तर सुधार हाम्रो प्रतिवद्धता अभियान"** कार्यक्रम सञ्चालनका साथै शैक्षिक सत्र, २०८२ लाई शैक्षिक सुधार वर्षको रुपमा लिई नगरपालिकाको समग्र शैक्षिक सुधार र सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- नगरपालिकाको शिक्षा नीति, युवा नीति, खेलकूद नीति, वडा शिक्षा योजना, नगर शिक्षा योजना, परीक्षा सञ्चालन निर्देशिका लगायतका आवश्यक शिक्षा सम्बन्धी नीतिहरु तयार गरी लागु गरिनेछ।
- न्यूनतम शैक्षिक र भौतिक पूर्वाधार नभएका विद्यालयहरुलाई मर्ज गर्ने नीति लिइनेछ।

- कक्षा ५, ८ र ११ को परीक्षालाई व्यवस्थित ढंगले सञ्चालन गर्न परीक्षा सञ्चालन निर्देशिका अद्यावधिक गरी लागु गरिनेछ।
- विद्यालयको IEMIS लगायत अन्य प्रशासनिक कामहरु छिटो र छरितो बनाउन कम्प्यूटर र प्रिन्टर नभएका विद्यालयहरुमा आवश्यक व्यवस्था मिलाइनेछ ।
- "नलेज इकोनोमी" को आधारशिलाको रुपमा रहेको फाउण्डेशन एजुकेशन प्रवर्द्धन एवम सामुदायिक विद्यालयको स्तरोन्नतिका लागि "प्रारम्भिक बालशिक्षा र विकास" शिक्षाको जग भएकोले सामुदायिक विद्यालयका कक्षा १ भन्दा अगाडीको बाल कक्षा ई.सि.डी. कक्षाहरुमा "प्रारम्भिक बाल विकास पाठ्यक्रम-२०७७" बमोजिम निर्मित नेपाल सरकार बाट स्वीकृती प्राप्त श्रव्यदृश्य सहितको पाठ्यसामग्री यसै शैक्षिक सत्रबाट प्रयोगमा ल्याउन आवश्यक व्यवस्था मिलाइनेछ ।
- नमुना विद्यालय छनौटको कार्यविधि तयार गरी कुनै एक माध्यमिक विद्यालयलाई नमुना विद्यालयको रुपमा विकास गरिनेछ ।
- कक्षा १ देखि ३ सम्मको स्थानीय विषयको पाठ्यपुस्तक छपाइ गरिनेछ र कक्षा ४ देखि ८ सम्मको पाठ्यपुस्तक मस्यौदा तयार गरिनेछ ।
- ६५ प्रतिशत सिकाई उपलब्धी हाँसिल गर्ने विद्यालयलाई मापदण्ड बनाइ प्रोत्साहन स्वरुप एकमुष्ट रु. १ लाख अनुदान उपलब्ध गरिनेछ।
- विद्यालय कक्षा छोड्ने र दोहोर्याउने विद्यार्थीहरुको पहिचान गरी विशेष अतिरिक्त सुधारात्मक कक्षाहरु सञ्चालन गरिनेछ।
- प्रत्येक विद्यालयमा आवश्यकता प्राथमिकताको आधारमा न्यूनत्तम सक्षमताको अवस्था (कक्षाकोठा, स्वच्छ पिउने पानी, शौचालय, पुस्तकालय, फर्निचर, प्रयोगशाला र सूचना प्रविधि,) को अवस्था हेरी उपलब्ध स्रोत र साधनको व्यवस्था गरिनेछ ।
- पञ्चदेवल क्याम्पसमा स्नातक र पञ्चदेवल विनायक नगरपालिकाबाट अछाम बहुमुखी क्याम्पसमा स्नातकोत्तर अध्ययन गर्ने महिलाहरुलाई उच्च शिक्षा पहुँचमा ल्याउन **'छोरी-बुहारी छात्रवृत्ती कार्यक्रम'** सञ्चालनमा गरिनेछ ।
- विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि नगरपालिकाले तयार गरेको शैक्षिक भित्तेपात्रोमा पूर्ण रुपमा कार्यान्वयन गरिनेछ ।
- सामुदायिक सिकाइ केन्द्रलाई उद्देश्य अनुरुपको कार्यसञ्चालन गर्न परिचालन गरिनेछ। सञ्चालनमा नरहेका सामुदायिक सिकाई केन्द्रलाई स्थानान्तरण गरिनेछ ।
- पालिका स्तरीय खेलकूद पूर्वाधार निर्माणका साथै खेलकूद विकास समिति गठन र १६ औं जिल्लास्तरीय राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगित सञ्चालनका लागि आवश्यक कार्यहरुको तयारी गरी सम्पन्न गरिनेछ।

पञ्चदेवल विनायक नगरपालिका

- स्थानीय उत्पादनमा आधारित विद्यालयको दिवा खाजा सञ्चालनमा देखिएका समस्यालाई समाधान गरि अझ स्वस्थ र प्रभावकारी रुपमा विद्यालयको दिवा खाजा सञ्चालन गरिनेछ।
- नगर शिक्षण सिकाई सुधार कार्यक्रममा कार्यरत स्वयंसेवक शिक्षकहरुको प्रोत्साहनका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

**नगरसभाका सदस्यज्यूहरु,**

- स्वास्थ्य संस्थाबाट प्रदान गरिने आधारभूत र आकस्मिक स्वास्थ्य सेवा न्यूनतम स्वास्थ्य सेवा मापदण्डको आधारमा गुणस्तरीय र निःशुल्क बनाइनेछ । स्वास्थ्य संस्थामा अत्यावश्यक औषधि र उपकरणको सुनिश्चितता गरिनेछ ।
- आगामी आ.व. २०८२/०८३ बाट निर्माणाधिन १० शैयाको नगर अस्पताल सञ्चालनमा ल्याइने छ ।
- नगर स्वास्थ्य सेवा ऐन निर्माण गरी स्वास्थ्य सेवालाई थप व्यवस्थित गरिनेछ। GIZ नेपाल र पञ्चदेवल विनायक नगरपालिकाको सहकार्यमा स्वास्थ्य क्षेत्र रणनीति र स्वास्थ्य क्षेत्रको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सहयोग कार्यक्रम अन्तर्गगत सुलभ र गुणस्तरीय स्वास्थ्य सेवामा जनताको पहुँच सुधार गर्न स्वास्थ्य बीमा, तथ्यमा आधारित स्वास्थ्य व्यवस्थापन, डिजिटल स्वास्थ्य र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका कार्यक्रमहरु गरिने छ । पञ्चदेवल विनायक र GIZ नेपालसँगको सम्झौता अनुरुप आ.ब २०८२/८३ र २०८३/८४ मा रु ५६,०१,५००/- को नगरपालिका द्धारा विभिन्न कार्यक्रमहरु संचालन गरिने छ ।
- नगर प्रमुख सँग जेष्ठ नागरीक स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गरिनुका साथै **"म स्वस्थ मेरो परिवार घर टोल स्वस्थ"** कार्यक्रम सञ्चालन गरिने छ ।
- स्वास्थ्य बीमा कार्यक्रमलाई व्यवस्थित गरी स्वास्थ्य बीमा बोर्डको सहकार्यमा क वर्गका अपाङ्गता भएका व्यक्तिको घरपरिवारको शतप्रतिशत बीमा शुल्क व्यहोर्ने र अन्य विपन्न नागरिकको हकमा मापदण्ड बनाई ५० प्रतिशत बीमा शुल्क व्यहार्ने गरि सबै नागरिकहरुलाई स्वास्थ्य बीमामा आवद्ध गराउनुका साथै शिक्षक, कर्मचारिहरुलाई अनिवार्य स्वास्थ्य बीमामा आवद्ध गराउने निति लिइने छ।
- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई विगतका वर्षझैं प्रदान गरिदै आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिईने छ ।
- आमा तथा बच्चाको स्वास्थ्य अवस्था र मातृ तथा नवशिशु मृत्यु घटाउन ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रमलाई थप व्यवस्थित गरिनुका साथै आवश्यकताको आधारमा बर्थिङ्ग सेन्टर थप गरिनेछ।

पञ्चदेवल विनायक नगरपालिका

- सुनौला १००० दिनका महिला र बालबालिकाको स्वास्थ्यलाई ध्यानमा राखी पोषण कार्यक्रमलाई प्रभावकारी बनाईनुका साथै स्वास्थ्य संस्थाहरुलाई पोषणमैत्री स्वास्थ्य संस्था बनाउने कार्यलाई जोड दिइनेछ।
- सबै स्वास्थ्य संस्थाहरुबाट दिइने सेवालाई डिजिटाईजेसन गर्नका लागि विद्युतिय स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली (eHMIS) लागु गरिनुका साथै स्वास्थ्य सेवा गुणस्तरीय बनाउन स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि गरिनेछ।पञ्चदेवल विनायक नगरपालिकालाई **Healthy City** निर्माण गर्न आवश्यक नीति, मापदण्ड तयार गरी क्रियाकलापहरु सञ्चालन गरिनेछ ।
- महिलाहरुमा हुने पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, आङ खस्ने समस्याको Screening गर्नुका साथै आँखा, नाक, कान, घाँटी, मुख र दन्त सम्बन्धि शिविर सञ्चालन गरी उपचारको प्रवन्ध मिलाइनेछ ।
- नागरिकहरुमा नसर्ने रोगको प्रकोप बढ्दै गइरहेको अवस्थालाई नियन्त्रण तथा रोकथामका लागी जनचेतनामुलक कार्यक्रम सञ्चालन गरी उपचारको प्रवन्ध मिलाइनुका साथै फागुन महिनालाई स्क्रिनिङ् महिनाका रुपमा मनाइनेछ ।
- प्रसुति तथा सुरक्षित गर्भपतन जटीलता भएका महिलाहरुलाई निःशुल्क एम्बुलेन्स सेवाको निरन्तरता दिइनेछ। यसका साथै नवजात शिशु मृत्युदर घटाउन मातृ तथा नवजात शिशु स्याहार र उपचार सेवामा विशेष प्राथमिकता दिइनेछ ।
- ल्याब सेवालाई व्यवस्थित तथा गुणस्तरीय बनाउन आवश्यक सामाग्री व्यवस्थापन गरीनेछ।
- आँखा उपचार केन्द्रलाई थप व्यवस्थित र गुणस्तरीय बनाइनेछ । साथै सबै वडाहरुमा आँखाको परीक्षण गरी मोतीविन्दु, आँखामा मासु पलाएको लगायत समस्याको निःशुल्क शल्यक्रिया शिविर सञ्चालन गरिनेछ।
- औषधि, सेवा प्रवाहको गुणस्तर, व्यवस्थापन, सरसफाई समेतका आधारमा स्वास्थ्य संस्थाहरुको वार्षिक मूल्याङ्कन गरी प्रोत्साहन गरिनेछ।
- योग शिक्षाका लागि प्रशिक्षकको व्यवस्था गरी समुदाय स्तरमा र विद्यालयहरुमा १/१ जना शिक्षकहरुलाई योग सम्बन्धी तालिम प्रदान गरि योग कक्षाहरु सञ्चालन गरिनेछ ।

**नगरसभाका सदस्यज्यूहरु,**

- बहुक्षेत्रीय पोषण योजना कार्यक्रमलाई थप व्यवस्थित गरी सञ्चालन गर्ने र पोषण प्रवर्धन कार्यक्रम मार्फत सुनौला हजार दिनका महिला तथा बालबालिका र किशोरीहरुको पोषण अवस्थामा थप सुधार गर्दै लगिनेछ ।
- आमा समूहहरुका बैठकको खाजा व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

- पोषणमैत्री स्थानीय शासन अवलम्बन गर्नका लागि विशेष जोड दिइ पोषण कार्यक्रमलाई सबै क्षेत्रमा जोड्दै मुलप्रवाहीकरण गरिनेछ ।
- शुद्ध खानेपानी र सरसफाइको अभियानलाई विशेष महत्वकासाथ सञ्चालन गरी नागरिकको स्वास्थ्य तथा पोषण अवस्थालाई सुधार गर्दै लगिनेछ ।
- **'एक घर, एक करेसाबारी'** को अभियान मार्फत हरेक सुनौला हजार दिनका घरपरिवारमा अनिवार्य करेसाबारी निर्माण गर्ने र वार्षिक रुपमा हरेक घरपरिवारमा एक फलफूलको बिरुवा अनिवार्य रोप्ने कार्यमार्फत पोषण तथा खानपानमा सुधार गर्दै लगिनेछ ।

**नगरसभाका सदस्यज्यूहरु,**

- नगरपालिका, हेल्भेटास र अन्य दातृ निकायहरुको साझेदारीमा आगामी आ.व. २०८२/८३ मा थप १००० घरधुरीमा बहुउपयोगी खानेपानी निर्माण कार्यलाई अगाडी बढाइनुका साथै खानेपानी योजनाहरुको दिगोपना, खानेपानी तथा सरसफाइ इकाइ स्थापना र सम्पर्क व्यक्तिको व्यवस्थाका साथै नगरभित्रै पानि परीक्षण प्रयोगशाला स्थापना गरी गुणस्तर परीक्षणको व्यवस्था मिलाइने छ।USAID को साझेदारीमा सञ्चालित अधुरा रहेका आयोजनाको निर्माण कार्यलाई सुचारु गरिनेछ।
- खानेपानीको स्रोत न्यून भएका वडा नं. १, ३, ४, ५ र ७ को खानेपानीको दिर्घकालिन समस्या समाधानका लागि विनायक वृहत खानेपानी अन्तर्गत (खारेखोला कालिकस्थान खानेपानी) आयोजनाको खानेपानी विभाग संग समन्वय गरी डि.पि.आर. गर्ने र आयोजना निर्माणका लागि संघीय सरकार संग वजेटका लागि आवश्यक पहल गरिनेछ ।
- सबैखाले खानेपानी, सिँचाइ तथा बहुउपयोगी लगायतका जलस्रोतसँग सम्बन्धित योजनाहरुको सञ्चालन तथा व्यवस्थापकीय अवस्था अद्यावधिक गरी सबै समितिहरुलाई *खानेपानी सरसफाई तथा स्वच्छता ऐन बमोजिम दर्ता एवं अद्यावधिक र नविकरण गर्ने व्यवस्था मिलाई पालिकास्तरमा N-WASH Plan मार्फत खानेपानी सरसफाई तथा स्वच्छता क्षेत्रको सूचना व्यवस्थापन प्रणाली* स्थापना गरिनेछ ।
- जैविक विविधता तथा वातावरण संरक्षण सम्बन्धी आवश्यक नीति तथा कानुनको निर्माण गरी सोही अनुसार *जलाधार क्षेत्रको विकास तथा जैविक विविधता संरक्षण गर्दै पानीका स्रोतहरुको संरक्षण तथा पुनर्भरण* अभियान सञ्चालन गरिनेछ ।
- योजनाको दिगोपनाका लागि पानी महसुल संकलन महत्वपूर्ण पक्ष हो । त्यसैले, *उत्पादनमा प्रयोग गरौं खेर गएको पानी, करेसाबारी प्रवर्द्धन, स्वच्छता र आम्दानी* भन्ने नारा तयार गरी नीजि धारा निर्माण भएका टोलमा *एक घर, एक करेसाबारी अभियान* सञ्चालन गरिने छ ।
- नगरपालिकाका धार्मिक स्थलहरुको फोहोर व्यवस्थापन गर्न र पर्यटन प्रवर्द्धन गर्न धार्मिक स्थलहरुमा सार्वजनिक शौचालय निर्माण कार्यलाई प्राथमिकता दिइनेछ ।

**नगरसभाका सदस्यज्यूहरु,**

- महिलाहरु माथि हुने सबै खालका हिंसाहरुलाई कम गर्दै लगिनेछ । साथै, लैङ्गिक हिंसामा परेका महिलाहरुलाई लैङ्गिक हिंसा निवारण कोषमार्फत गरिने आवश्यक सहयोगलाई निरन्तरता दिइनेछ ।
- मनोपरामर्शकर्ता नियुक्त गरी लैंगिक हिंसामा परेका महिला तथा अन्य नागरिकहरुलाई मनोपरामर्श सेवा मार्फत सामाजिक पुनःस्थापनाका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।
- मानसिक स्वास्थ्य तथा आत्महत्या रोकथाम सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- छाउपडी कुप्रथा र बालबिवाह न्यूनीकरणका लागि समुदाय र विद्यालय स्तरमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनुका साथै किशोरीहरुलाई सुरक्षित वातावरणको महसुसका लागि आत्मसुरक्षा सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।
- एकल महिला, अपाङ्गता भएका, एच.आइ.भी संक्रमित र गरिब तथा विपन्न महिलाहरुलाई सीपमूलक तथा आयमूलक कार्यक्रम मार्फत आत्मनिर्भर बनाइदै लगिनेछ ।
- महिलाहरुको आर्थिक तथा सामाजिक विकासका लागि विभिन्न अभियान सञ्चालन गरी महिलाहरुको नेतृत्व सीप विकास मार्फत समाजको रुपान्तरण गर्ने नीति अवलम्बन गरिनेछ। साथै नगरपालिकामा रहेका सबै सार्वजनिक संस्थाहरुमा बालमैत्री, अपाङ्गतामैत्री, किशोरीमैत्री तथा महिलामैत्री वातावरण बनाउन आवश्यक नीति बनाइ क्रमशः कार्यान्वनका लागि विशेष पहल गरिनेछ ।
- महिला सहकारीको क्षमता विकास गरी सबै महिला सहकारीहरुलाई पारदर्शी रुपमा सञ्चालन गर्न आवश्यक पहल गरिनेछ ।
- बाल सञ्जाल तथा बाल क्लबको वार्षिक भेला तथा नियमित बैठक र क्षमता विकास कार्यलाई निरन्तरता दिइनेछ । साथै अभिभावक विहीन तथा जोखिममा रहेका बालबालिकाहरुलाई आपतकालिन बालकोष मार्फत आवश्यक सहयोग गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- बाल अधिकार समिति र बालमैत्री स्थानीय शासन समितिलाई सक्रिय बनाई बालमैत्री स्थानीय शासनलाई अवलम्बन गर्ने निति लिइनेछ । साथै वडा नं. २ लाई आ.व. २०८२/०८३ भित्र बालमैत्री वडा घोषणा गरिनेछ भने अन्य वडाहरुलाई समेत क्रमशः बालमैत्री बनाउदै लगिनेछ।
- जेष्ठ नागरिकहरुको स्वास्थ्य सुधारका लागि जेष्ठ नागरिकहरुको घरदैलोमै स्वास्थ्यको आधारभूत परिक्षण गरी औषधी वितरण गर्ने व्यवस्था गरिनेछ । साथै जेष्ठ नागरिक मिलन

पञ्चदेवल बिनायक नगरपालिका

केन्द्रमा नियमित सहभागी हुने जेष्ठ नागरिकहरुलाई दिवा खाजा खाने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

- "**अपाङ्गसँग उप प्रमुख**" कार्यक्रम सञ्चालन गरी सबै प्रकारका अपाङ्गता भएका व्यक्तिलाई माग र आवश्यकताका आधारमा सहायता सामग्रीहरु उपलब्ध गराउनुका साथै ग र घ वर्गका अपाङ्गता भएका व्यक्तिलाई वार्षिक रुपमा दिइदै आएको उपचार खर्च वापतको रकमलाई निरन्तरता दिइनेछ ।
- एच. आइ. भी. बाट संक्रमित भइ नियमित ए.आर.टी. सेवन गरिरहेका व्यक्तिहरुका लागि नगरपालिकामा ए.आर.टी. सेन्टर स्थापना गरी ए.आर.टी सेवनलाई सहज बनाइनेछ भने समुदायमा खुलेर ए.आर.टी. सेवन गरिरहेका व्यक्तिहरुका लागि पोषण सुधारका लागि आवश्यक सहयोग गरिनेछ ।

**नगरसभाका सदस्यज्यूहरु,**

- आयोजना सञ्चालन तथा व्यवस्थापनलाई सहज बनाउन उपभोक्ताहरुलाई अभिमुखिकरण तालिम, प्रत्येक वडावासीहरुलाई वडास्तरीय अभिमूखिकरण कार्यक्रम सञ्चालन गरिनुका साथै प्रत्येक आयोजनाको सर्वेक्षण देखि अन्तिम किस्ता भुक्तानी सम्मको प्रक्रिया समेटी आयोजना किताब बनाई लागू गरिनेछ।
- भुकम्पिय जोखिम र असर घटाउन सुरक्षित भवन निर्माण सम्बन्धी नगरपालिकको प्राविधिक मार्फत ज्ञान/सीप प्रदान गरिनेछ ।
- आयोजनाको दिगो उपयोगलाई मध्यनजर गरी कोष दायित्व अवधि सम्म मर्मत सम्भारका लागि ५ लाख माथिका आयोजनाको ५ प्रतिशत धरौटी रकम राखिने छ ।
- यस नगरपालिकाको कोसेडी लगायत दुर्गम वस्तीलाई सडक सञ्जाल सँग जोड्न आवश्यक कार्य गरिनेछ ।
- सबै वडाको केन्द्र देखि नगरपालिका सम्म बाह्रै महिना नियमित यातायात सञ्चालन गर्न आ.व. २०८२/०८३ मा सम्पन्न हुने गरी वडा नं ७ को आमरुख देखि वडा नं. ८ को तिखापातल सम्मको सडक र मध्यपहाडी लोकमार्ग देखि ४ नं. वडा कार्यालय सम्मको सडकको स्तरोन्नतीको कार्य सम्पन्न गरिनेछ ।
- टिनको छानामुक्त विद्यालय भवन निर्माणका लागि आवश्यक्ताका आधारमा विद्यालयका भवनहरुको निर्माण तथा मर्मत कार्यलाइ निरन्तरता दिइनेछ ।
- वडा कार्यालय र स्वास्थ्य संस्थाका निर्माण सम्पन्न हुन बाँकी प्रशासनिक भवनहरुलाई सम्पन्न गर्न आवश्यक वजेट व्यवस्था गरिनेछ ।
- नगरपालिका भित्र रहेका सम्पूर्ण सडकहरुलाई मर्मत सम्भार गरी पूर्णरुपमा सञ्चालनमा ल्याइनेछ।
- पञ्चदेवल क्याम्पसको थप पूर्वाधार निर्माणका लागि आवश्यक प्रवन्ध गरिनेछ ।

पञ्चदेवल विनायक नगरपालिका

- नगरपालिका लाई पूर्ण विद्युत्तिकरण गर्न विद्युत प्राधिकरणसँगको सहकार्य तथा समन्वयमा विद्युतिकरण बाँकी रहेका वडाहरुमा विद्युत लाईन विस्तार गर्न आवश्यक पहल गरिनेछ ।
- परम्परागत शैलीमा धार्मिक स्थलहरुको पूर्वाधार निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

**नगरसभाका सदस्यज्यूहरु,**

- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाका आधारमा पालिकाको संस्थागत क्षमता विकास, अल्पीकरण आयोजनाहरुको निर्माण, जीर्ण संरचनाहरुको प्रबलीकरण, सूचना प्रणालीको विकास, जोखिम नक्सांकन, उद्धारकर्मी तथा स्वयंसेवक व्यवस्थापन आदि कार्यमा जोड दिइनेछ ।
- नगरपालिकामा रहेको स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रबाट विपद सम्बन्धी सूचना प्रभावकारीढंगले प्रवाह गर्नका लागि विद्युतिय डिजिटल सूचना बोर्ड स्थापना तथा सञ्चालन गरिनेछ। आपतकालीन खोज, उद्धार, राहत तथा पुनर्स्थापनाका क्रियाकलापहरुलाई प्रभावकारी रुपले सञ्चालन गरिनेछ ।
- पालिकामा रहेका सामुदायिक वनहरुको उचित व्यवस्थापन गरी भूसंरक्षण, जैविक विविधता तथा वातावरणीय संरक्षणमा जोड दिइनेछ ।

**३. संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

**नगरसभाका सदस्यज्यूहरु,**

- भ्रष्टाचार विरुद्ध शून्य सहनशिलता नीतिको अवलम्बन गरिनेछ । भ्रष्टाचार र अनियमित कार्यलाई कडाईका साथ नियन्त्रण गर्दै पारदर्शिता र जवाफदेहि प्रणालीलाई सुदृढ गरिनेछ ।
- हालसम्म बनेका कानून कार्यविधिहरुको उपयोगिता र संशोधनका लागि कानूनका विज्ञहरुको उपस्थिति र परामर्शमा कानूनको परिक्षण (उत्तरविधायिकी परिक्षण) गरी कार्यान्वयनमा ल्याइनेछ।
- नगरपालिकामा शून्य बेरुजुको नीति अवलम्बन गरिनेछ र नगरपालिकाको नाममा कायम रहेको बेरुजु सम्बन्धित विषयगत शाखा, व्यक्ति, संघ-संस्था, फार्म र कर्मचारीहरुलाई जिम्मेवार बनाई बेरुजु फछ्यौटको काम निरन्तर अगाडी बढाइनेछ ।
- स्थानीय विकास प्रक्रियामा टोल तथा बस्ती स्तरबाट नै सबै नागरिकहरुको सहभागिताको सुनिश्चित गर्दै समाजको आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक लगायत विकासका सबै पक्षमा दिगोपना र अपनत्व सृजना गर्न नगपालिकाका सबै वडाहरुमा टोल विकास संस्थाहरु गठन गरी परिचालन गरिनेछन् ।

**नगरसभाका सदस्यज्यूहरु,**

- नगरपालिकाको क्षमता विकास योजना तयार गरी कर्मचारी र जनप्रतिनिधिको क्षमता विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।साथै जनप्रतिनिधि तथा कर्मचारीका लागि अन्तरपालिका भ्रमणको व्यवस्था गरिनेछ ।

- नगर भित्रको शान्ति सुरक्षा, सार्वजनिक सम्पत्तिको सुरक्षाका लागि नगर प्रहरी सम्बन्धी कार्यविधि निर्माण गरी कार्यान्वयनको व्यवस्था गरिनेछ ।
- करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराइनेछ ।
- "सबै वडाको सबैले अनुगमन गर्ने गरी" नगर कार्यपालिकाको बैठक घुम्ति सेवाको रुपमा हरेक वडामा बस्ने व्यवस्था गरिनेछ ।
- आर्थिक पारदर्शिता र वित्तिय अनुशासन कायम गर्न, सार्वजनिक खर्चको अनुगमन, र नियन्त्रण र अनावश्यक खर्च नियन्त्रणका लागि आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका तयार गरि कार्यान्वयन गरिनेछ ।
- लेखा प्रणालीमा सुधार र लेखापरीक्षण प्रणालीलाई मजबुत बनाउन एकीकृत वित्तीय व्यवस्थापन सूचना प्रणाली IPFMS, SuTRA, PAMS, EHMIS र CGAS को प्रयोगलाई थप व्यवस्थित रुपमा सञ्चालन गर्दै बजेट कार्यान्वयनमा प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गरी लागु गरिनेछ ।
- आन्तरिक लेखापरीक्षण प्रणालीलाई स्वायत्त र सक्षम बनाइ त्रैमासिक रुपमा आ.ले.प. गरी वार्षिक लेखापरीक्षण प्रतिवेदनहरूमा आएको सुझाव कार्यान्वयन गरिनेछ ।
- क्षमता अभिवृद्धि र स्रोत व्यवस्थापनका लागि शाखा, वडा र स्वास्थ्य अन्तर्गत कार्यरत कर्मचारीहरूलाई वित्तीय योजना, बजेट निर्माण र लेखा व्यवस्थापन सम्बन्धी आवश्यक तालिम प्रदान गरिनेछ।
- नगरसभा बाट पारित आयोजना तथा कार्यक्रमहरुको सम्झौता वडा स्तरबाट गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- नगरपालिकाबाट प्रबाह गरिने सेवाहरुलाई चुस्त दुरुस्त र जनमुखी बनाउन इमान्दार कर्मचारी स्वच्छ प्रशासन र नागरिक मैत्री सेवा प्रवाह भन्ने नारालाइ व्यवहारिक रुपमा लागु गर्दै कर्मचारीलाइ कामप्रति अभिप्रेरित गराई मनोबल उच्च राख्न बिशेष प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- भ्रष्टाचार र अनियमित कार्यलाई कडाईका साथ नियन्त्रण गर्दै पारर्दशिता र जवाफदेहि प्रणालीलाई सुदृढ गरिनेछ ।
- न्यायिक समितिको क्षमता विकास गरी न्यायिक निरुपण कार्यलाई थप प्रभावकारी र व्यवस्थित गर्दै लगिनेछ ।
- मेलमिलापकर्ताको थप क्षमता विकास संगै मेलमिलापकर्तालाई सूचीकृत गरिनेछ भने नगरपालिका र सबै वडामा मेलमिलाप केन्द्र गठन गरी सम्बन्धित वडामा रहेका मेलमिलापकर्ताहरुमार्फत न्यायिक निरुपणको कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।
- नगरपालिका र सम्पूर्ण वडा तथा स्वास्थ्य संस्थाहरुको सार्वजनिक सुनुवाई र बजेट विमर्श कार्यक्रम सञ्चालन गर्ने, भ्रष्टाचार न्यूनीकरणका लागि आचारसंहिता र गुनासो व्यवस्थापन प्रणाली लागू गरिनेछ ।

पञ्चकन्या विनायक नगरपालिका

**नगरसभाका सदस्यज्यूहरु,**

- नगर क्षेत्रभित्र सबै सरकारी कार्यालय तथा सामुदायिक विद्यालयहरुमा नागरिकले सूचना प्रविधिको सेवा उपभोग गर्न सक्ने वातावरण सुनिश्चित गरि डिजिटल प्रविधिको उपयोगमार्फत सेवा प्रवाहलाई पारदर्शी, प्रभावकारी र छरितो बनाइनेछ।
- नगरपालिका कार्यालय र वडा कार्यालयहरुको प्रशासनिक कामकाजमा सूचना प्रविधिको प्रयोग बढाइनेछ ।
- डिजिटल साक्षरताको प्रवर्द्धन, रोजगारी सिर्जना र उद्यमशिलता लाई प्राथमिकता दिँदै प्रविणता प्रमाणपत्र तह र स्नातक तहमा अध्ययनरत छात्र छात्राहरुका लागि सूचना प्रविधि सम्बन्धी (डिजिटल मार्केटिङ्ग, मोवाइ एप विकास तथा कृत्रिमवुद्धिमता (AI)) व्यवसायिक तालिमहरु सञ्चालनका लागि आवश्यक प्रवन्ध गरिनेछ ।
- सबै सामुदायिक विद्यालयहरुमा इन्टरनेट जडान गर्ने र ई-हाजिरी मेशिन जडान गर्ने कार्य अगाडि बढाइनेछ ।
- विनायक बजारक्षेत्र र बेलखेत क्षेत्रको सुरक्षालाई मध्यनजर गरि आवश्यकता अनुसार सि.सि. क्यामेराहरु जडान तथा मर्मत गरिनेछन् ।

**नगरसभाका सदस्यज्यूहरु,**

- स्थानीय करको दर र दायराहरुलाई फराकिलो बनाउँदै राजश्व वृद्धिलाई प्राथमिकता दिइ राजश्व संकलन प्रक्रियामा पारदर्शिता र जवाफदेहिता कायम गरिनेछ।
- सूचना प्रविधिको प्रयोगद्वारा राजस्व प्रशासन आधुनिकीकरण गरिनुका साथै करदातामैत्री सेवा प्रवाह सुनिश्चित गर्ने उद्देश्यका साथ अनियमितता, दोहोरो कर र कर छली रोक्ने प्रभावकारी व्यवस्था लागू गरिनेछ ।
- नगरपालिकाको आन्तरिक स्रोतहरूको अभिलेख तयार गरी डिजिटल प्रणालीमा अद्यावधिक गर्नुका साथै घर/जग्गा, व्यवसाय, सवारी साधन, उद्योग लगायतका करयोग्य वस्तुहरूको तथ्यांक संकलन गरिनेछ।
- नगरपालिकामा बनेको भूउपयोग गुरुयोजना अद्यावधिक गरी दक्ष जनशक्ति व्यवस्थापन गरी जग्गा खरिद बिक्रि कार्यलाई सहजताका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

अन्तमा, यस नगरपालिकाको विकास र समृद्धिका लागि अख्तियार गरेको आ.व. २०८२/८३ को प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनका लागि सम्वद्ध सबै राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, नागरिक समाज, गैरसरकारी संघसंस्था, आम-सञ्चारजगत, आम-नगरवासी आमाबुबा, दाजुभाई तथा दिदीबहिनीहरुको साथ सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दछु ।

धन्यवाद ।।

**सम्वत् २०८२ असार ०६ गते शुक्रबार ।**

पञ्चदेवल बिनायक नगरपालिका